# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, असोज ०१ गते, २०८३ साल (संख्या १०

## भाग ३

### गण्डकी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

### मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

**प्रस्तावनाः** प्रदेश र स्थानीय तहका कार्यक्रम तथा आयोजनाबीचमा तादात्म्यता, अन्तरसम्बन्ध, समन्वय, साझेदारी, सहकार्य र सहलगानी अभिबृद्धि गर्न, नवीनतम ज्ञान, सीप, सोच र प्रविधिका माध्यमबाट रोजगारी सिर्जना, गरिबी न्यूनीकरण र समावेशी सहभागिता

सहित स्थानीय तहमा सुशासन प्रवर्द्धन र प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद—१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "कार्यक्रम" भन्नाले मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमलाई सम्झनुपर्छ ।

(ख) "नवप्रवर्तन" भन्नाले नयाँ विचार एवम् तरिकाको खोजी गर्ने र त्यसलाई परियोजनामा रूपान्तरण गरी नतिजामूलक बनाउने प्रविधि एवम् कार्यशैलीलाई सम्झनुपर्छ र सो शब्दले दफा १२ मा उल्लेखित विषय क्षेत्र र सम्भावित परियोजना समेतलाई जनाउँछ।

(ग) "निर्देशक समिति" भन्नाले दफा ९ बमोजिमको निर्देशक समिति सम्झनुपर्छ।

(घ) "परियोजना" भन्नाले स्थानीय तहले प्रस्ताव गरेका दफा १२ बमोजिमका नवप्रर्वतनकारी कार्यक्रम वा क्रियाकलाप सम्झनुपर्छ।

(ङ) "प्रस्ताव" भन्नाले दफा १५ को उपदफा (१) बमोजिमको प्रस्ताव सम्झनुपर्छ।

(च) "प्रस्तावक" भन्नाले यस कार्यविधि बमोजिम परियोजना प्रस्ताव पेस गर्ने स्थानीय तह सम्झनुपर्छ र सो शब्दले दुई वा सोभन्दा बढी स्थानीय तह वा संयुक्त परियोजना प्रस्ताव पेस गर्ने साझेदार समेतलाई जनाउँछ।

(छ) "प्राविधिक समिति" भन्नाले दफा १० बमोजिमको समिति सम्झनुपर्छ।

(ज) "मन्त्रालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनुपर्छ।

(झ) "महाशाखा" भन्नाले मन्त्रालयको शासकीय सुधार, सञ्चार तथा समन्वय महाशाखा सम्झनुपर्छ।

(ञ) "लागत सहभागिता" भन्नाले प्रस्तावित परियोजनाको कुल लागतमा प्रस्तावकले व्यहोर्नुपर्ने निश्चित प्रतिशत सम्झनुपर्छ र सो शब्दले स्थानीय तहसँग अन्य साझेदार संस्थाले व्यहोर्नुपर्ने लागत हिस्सेदारी समेतलाई जनाउँछ।

(ट) "स्थानीय तह" भन्नाले प्रदेशभित्रका गाउँपालिका वा नगरपालिकालाई सम्झनुपर्छ र सो शब्दले महानगरपालिका समेतलाई जनाउँछ।

३. **उद्देश्यः** मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका उद्देश्य देहाय अनुसार हुनेछन्ः-

(क) प्रदेश र स्थानीय तहबीच साझेदारी, सहकार्य र सह-लगानीमार्फत नवप्रवर्तनमा आधारित कार्यक्रम तथा अभ्यासको विकास र विस्तार गर्दै अन्तरसम्बन्धलाई सुदृढ र संस्थागत गर्नु।

(ख) स्थानीय तहका विशिष्ट आवश्यकता र सम्भावनामा आधारित नवप्रवर्तनकारी अभ्यास, प्रविधि तथा समाधानको विकास र विस्तार गर्नु।

(ग) प्रदेश र स्थानीय तहबीच ज्ञान, अनुभव, प्रविधि तथा सफल अभ्यासको आदानप्रदान र सिकाइलाई संस्थागत गर्नु।

(घ) स्थानीय तहबीच नवप्रवर्तनमा आधारित स्वस्थ प्रतिस्पर्धा प्रवर्द्धन गर्दै नागरिकको आयआर्जन, सुशासन, गुणस्तरीय सेवा प्रवाह र विकासका अवसरमा पहुँच अभिवृद्धि गर्नु।

४. **मार्गदर्शक सिद्धान्तः** कार्यक्रमले देहायका मार्गदर्शक सिद्धान्तलाई अवलम्बन गर्नेछः-

(क) सेवा र उत्पादनमा प्रविधि आन्तरिकीकरण, नागरिक सहभागिता, सह-सिर्जना (Co-Creation), सार्वजनिक- निजी साझेदारी, डिजिटल प्लेटफर्मको उपयोग, सह-लगानी जस्ता

नवप्रवर्तनकारी सरकार (Innovative Government) को अवधारणा लागू गर्ने।

(ख) नियमित बजेट तथा कार्यक्रम भन्दा भिन्न मौलिक वा विशिष्ट (Spatial) तथा स्थानीय तहको कार्यकुशलता अभिवृद्धिका माध्यमबाट नागरिकमा सेवा सन्तुष्टिको दायरा विस्तारका साथै दोहोरोपना नहुने गरी कार्यक्रम सञ्चालन गर्ने।

(ग) स्थानीय तहको सिर्जनशीलता, निजी क्षेत्रको लगानी, विकास साझेदार तथा गैर सरकारी संस्थाको सहयोग र नागरिक सहभागिताको एकीकृत सहकार्यका माध्यमबाट तुलनात्मक लाभ, लगानी र जोखिमको संयुक्त साझेदारी, बाँडफाँट र सहकार्य (Collaborative Culture) गरी थप मूल्य (Value add) सिर्जना गर्ने।

(घ) शासकीय ढाँचा, शैली, उत्पादन र अन्वेषणलाई रूपान्तरण गर्दै स्थानीय आवश्यकता, परम्परागत सीप, संस्कृति, प्राथमिकता, नीति, रणनीतिमा आधारित समावेशी आर्थिक विकास र रोजगारी प्रवर्द्धन गर्ने।

## परिच्छेद–२

## संस्थागत व्यवस्था, काम, कर्तव्य र जिम्मेवारी

५. **मन्त्रालयको काम, कर्तव्य र जिम्मेवारीः** कार्यक्रम कार्यान्वयनमा मन्त्रालयको जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) कार्यक्रम कार्यान्वयन गर्न नीतिगत व्यवस्थापन र सहजीकरण गर्ने,

(ख) कार्यक्रमको बजेट व्यवस्थापन, अनुगमन तथा सुपरीवेक्षण, प्रगति समीक्षा, पृष्ठपोषण एवम् प्रभाव मूल्याङ्कन गर्ने,

(ग) नवप्रवर्तनको मापदण्ड, आधार र सूचकको विकास तथा परिमार्जन गर्ने,

(घ) उत्कृष्ट उपलब्धि र सिकाइलाई संस्थागत गर्दै प्रचार, प्रसार एवम् अभिलेखीकरण गर्ने।

६. **स्थानीय तहको जिम्मेवारीः** कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहमा अपेक्षित नवीन सोच र प्रविधिलाई परियोजनाको ढाँचामा विकास गर्ने,

(ख) मन्त्रालयबाट सार्वजनिक सूचनामार्फत माग गरिएको प्रस्ताव कार्यपालिका बैठकबाट निर्णय गरी पेस गर्ने,

(ग) दुई वा सोभन्दा बढी स्थानीय तहको साझेदारीमा सञ्चालन हुने कार्यक्रममा साझेदार स्थानीय तहको लागत सहभागीता सम्बन्धी सम्झौताको प्रति पेस गर्ने,

(घ) स्वीकृत परियोजनाको साझेदारी एवम् सहलगानीको लागि आवश्यक बजेट सुनिश्चित गर्ने,

(ङ) स्वीकृत परियोजना कार्यान्वयनको लागि मन्त्रालयको महाशाखासँग तोकिएको ढाँचामा सम्झौता गर्ने,

(च) परियोजना कार्यान्वयनको लागि सम्पर्क अधिकृत तोक्ने,

(छ) परियोजनाको नियमित अनुगमन तथा प्रगति समीक्षा गरी सोको प्रतिवेदन महाशाखामा उपलब्ध गराउने,

(ज) परियोजना कार्यान्वयनको चरणमा सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, खर्चको फरफारक लगायतका सामाजिक उत्तरदायित्व प्रवर्द्धन गर्ने क्रियाकलापहरु सञ्चालन गर्ने,

(झ) परियोजनाको आन्तरिक एवम् अन्तिम लेखापरीक्षण प्रतिवेदन महाशाखालाई उपलब्ध गराउने,

(ञ) प्रदेश सरकारलाई कार्यक्रम कार्यान्वयनका चरणमा सिर्जित बौद्धिक सम्पत्ति पुनःउत्पादन, पुनः उपयोग, सञ्चय, परिमार्जन, संशोधन र प्रकाशन गर्न उपलब्ध गराउने,

(ट) आवश्यक अन्य कार्यहरू गर्ने।

७. **महाशाखाको जिम्मेवारी:** यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र जिम्मेवारीका अतिरिक्त महाशाखाको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहलाई नवप्रवर्तन सम्बन्धी तालिम तथा अनुशिक्षणको व्यवस्था गर्ने,

(ख) स्थानीय तहबाट परियोजना प्रस्ताव आह्वान गर्ने र प्रस्ताव स्वीकृत भए नभएको जानकारी गराउने,

(ग) स्वीकृत परियोजना कार्यान्वयनका लागि स्थानीय तहसँग सम्झौता गर्ने,

(घ) परियोजनाको अनुगमन तथा प्रगति समीक्षा गरी पहिचान भएका समस्याको समाधानका लागि सहजीकरण गर्ने र समाधान हुन नसकेका समस्या तथा चुनौतीहरु निर्देशक समिति समक्ष पेस गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयन गर्न स्थानीय तहसँग समन्वय, सहजीकरण र परियोजनाको अनुगमन गर्ने,

(च) प्राविधिक समिति र निर्देशक समितिलाई कार्यक्रम कार्यान्वयन गर्न आवश्यक सहयोग र समन्वय गर्ने।

८. **प्रदेश कार्यक्रम सहयोग इकाईको जिम्मेवारी:** प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम अन्तर्गत प्रदेश कार्यक्रम सहयोग इकाईको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) क्षमता विकासका लागि कार्यक्रमको सम्बन्धमा सरोकारवालालाई अनुशिक्षण, तालिम, प्राविधिक जनशक्ति उपलब्ध गराउने,

(ख) प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको वित्तीय हस्तान्तरणबाट प्राप्त कार्यक्रमबीच सामञ्जस्यता तथा सहजीकरण गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार प्राविधिक जनशक्ति उपलब्ध गराउने,

(घ) कार्यक्रमको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि सहजीकरण गर्ने।

## परिच्छेद—३

## समिति सम्बन्धी व्यवस्था

९. **निर्देशक समिति:** (१) परियोजना सञ्चालन र व्यवस्थापनमा नीतिगत सहजीकरण गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) प्रमुख सचिव, प्रदेश सरकार -संयोजक

(ख) सचिव, मन्त्रालय (सबै महाशाखा) -सदस्य

(ग) सचिव, प्रदेश सरकारका सबै मन्त्रालय -सदस्य

(घ) सचिव, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(ङ) सचिव (सम्बन्धित महाशाखा हेर्ने) -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस कार्यक्रम अन्तर्गत सञ्चालित परियोजनाहरूको प्रभावकारी कार्यान्वयनको लागि नीतिगत मार्गदर्शन प्रदान गर्ने,

(ख) प्राविधिक समितिबाट सिफारिश भएका परियोजना प्रस्ताव स्वीकृत गर्ने,

(ग) कार्यक्रमका उत्कृष्ट सिकाइ तथा सफल अभ्यासहरुलाई प्रदेश तथा स्थानीय तहका विभिन्न क्षेत्रमा अनुशरण गर्न सहजीकरण गर्ने,

(घ) परियोजना प्रस्ताव अनुरूप विनियोजित बजेट उपयोग नभएमा जिम्मेवार निकाय वा पदाधिकारीलाई सचेत गराउने, निकाशा रोक्का गर्न निर्देशन दिने र वित्तीय सुशासनको सुनिश्चितता गर्ने।

(३) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषय क्षेत्रका विज्ञलाई आमन्त्रित गर्न सकिनेछ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(५) समितिका पदाधिकारीहरूको बैठक भत्ता प्रदेश सरकारको प्रचलित खर्चको मापदण्ड बमोजिम हुनेछ।

१०. **प्राविधिक समितिः** (१) यस कार्यक्रम अन्तर्गत पेस हुने परियोजना प्रस्ताव मूल्याङ्कनका लागि देहाय बमोजिमको एक प्राविधिक समिति रहनेछः-

(क) सचिव, शासकीय सुधार, सञ्चार तथा समन्वय महाशाखा - संयोजक

(ख) उपसचिव प्रतिनिधि, आर्थिक मामिला हेर्ने मन्त्रालय - सदस्य

(ग) प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय - सदस्य

(घ) उपसचिव प्रतिनिधि, कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(ङ) उपसचिव, योजना, अनुगमन तथा शासकीय सुधार शाखा, मन्त्रालय -सदस्यसचिव

(२) समितिले आवश्यकता अनुसार विषयगत मन्त्रालयका प्रतिनिधि तथा विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहबाट प्राप्त परियोजना प्रस्तावको दफा १५ को उपदफा (१) बमोजिम परीक्षण र मूल्याङ्कन गरी सिफारिस सहित स्वीकृतिका लागि निर्देशक समिति समक्ष पेस गर्ने,

(ख) परियोजना प्रस्ताव मूल्याङ्कनका लागि तय गरिएका अनुसूचीमा उल्लेखित आधार तथा अंकभारमा द्विविधा भएमा सरलीकरण गर्ने,

(ग) परियोजना प्रस्तावमा थप स्पष्टताका लागि आवश्यकता अनुसार स्थानीय तहलाई आमन्त्रण गरी वा विद्युतीय माध्यमबाट छलफल तथा प्रस्तुतीकरण गर्न लगाउने।

(४) समितिका पदाधिकारीहरूको बैठक भत्ता प्रदेश सरकारको प्रचलित खर्चको मापदण्ड बमोजिम हुनेछ।

## परिच्छेद-४

## <u>प्रस्तावका योग्यता र पूर्वशर्त</u>

११. **<u>प्रस्तावका योग्यता र पूर्वशर्तः</u>** स्थानीय तहले प्रस्ताव पेस गर्दा देहायको योग्यता र पूर्वशर्त पुरा गरेको हुनुपर्नेछः

(क) पछिल्लो (latest) पटक सार्वजनिक भएको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा न्यूनतम पचास प्रतिशत अङ्क हासिल गरेको हुनुपर्ने,

तर, आर्थिक वर्ष २०८३/८४ को हकमा प्रस्ताव पेस गर्ने अन्तिम मितिसम्म LGPAS को नतिजा सार्वजनिक नभएको अवस्थामा पछिल्लो पटक सार्वजनिक भएको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा न्यूनतम पचास प्रतिशत अङ्क हासिल गरेको हुनुपर्नेछ।

(ख) गाउँ/नगर सभावाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (१) अनुसार बजेट पेस गरेको र उपदफा (६) बमोजिम पारित गरेको हुनुपर्ने,

(ग) गत आर्थिक वर्षमा पूँजीगत खर्च कम्तीमा चालिस प्रतिशत भएको हुनुपर्ने,

(घ) पछिल्लो अन्तिम लेखापरीक्षण प्रतिवेदनमा पाँच प्रतिशत भन्दा कम बेरुजु भएको हुनुपर्ने,

(ङ) कानूनले निर्दिष्ट गरे बमोजिम अघिल्लो आर्थिक वर्षमा प्रदेश सरकारलाई दाखिला गर्नु पर्ने राजस्व बाँडफाँट वापतको रकम सम्बन्धित स्थानीय तहले प्रदेश सञ्चित कोषमा दाखिला गरेको हुनुपर्ने।

## परिच्छेद-५

## परियोजना प्रस्ताव मूल्याङ्कन

१२. **नवप्रवर्तनका क्षेत्रहरू:** प्रस्ताव पेस गर्न सकिने नवप्रवर्तनका सम्भाव्य क्षेत्रहरू अनुसूची-१ मा उल्लेख भएअनुसार हुनेछन्।

१३. **प्रस्ताव आह्वान गर्ने:** (१) परियोजना सञ्चालन गर्न दफा ११ बमोजिम योग्य स्थानीय तहलाई पन्ध्र दिनको समय दिई अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव पेस गर्न अनुसूची-३ बमोजिम राष्ट्रिय स्तरको पत्रपत्रिका मार्फत सार्वजनिक सूचना आह्वान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव आह्वान गरेको सूचना मन्त्रालयले आफ्नो वेबसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ।

१४. **प्रस्ताव पेस गर्ने:** (१) दफा ११ बमोजिमको शर्तहरू पुरा गरेका स्थानीय तहले सूचना प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र अनुसूची-२ बमोजिमको ढाँचामा आवश्यक विवरण र अनुसूची-४ अनुसारका कागजात संलग्न गरी महाशाखामा प्रस्ताव पेस गर्नु पर्नेछ।

तर, एउटा स्थानीय तहले एक विषय क्षेत्रमा मात्र एकल वा संयुक्त प्रस्ताव पेस गर्न सक्नेछ।

(२) उपदफा (१) अनुसार दर्ता हुन आएका प्रस्ताव अपर्याप्त भएमा प्राविधिक समितिको सिफारिसमा निर्देशक समितिले निर्णय गरी सात दिनको म्याद दिई थप प्रस्ताव माग गर्न सकिनेछ।

१५. **प्रस्ताव मूल्याङ्कनः** (१) दफा १४ बमोजिम प्राप्त प्रस्ताव प्राविधिक समितिले पन्ध्र दिनभित्र अनुसूची- ५ मा उल्लिखित परियोजना प्रस्ताव मूल्यांकनका आधारमा मूल्याङ्कन गरी असोज मसान्तसम्म प्रस्तावको योग्यताक्रम निर्धारण गरी स्वीकृतिका लागि निर्देशक समिति समक्ष पेस गर्नु पर्नेछ।

तर, यस दफा बमोजिम असोज मसान्त भित्र प्रस्तावको मूल्यांकन हुन नसकेमा निर्देशक समितिले बढीमा तीस दिन समय थप गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पेस भएका प्रस्ताव निर्देशक समितिले सात दिनभित्र स्वीकृत गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृत भएका प्रस्तावको जानकारी महाशाखाले सम्बन्धित स्थानीय तहलाई गराई मन्त्रालयको वेबसाइटमा समेत राख्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम प्रस्ताव स्वीकृत भएको सूचना सार्वजनिक भएको सात दिनभित्र सम्बन्धित स्थानीय तहले परियोजना सम्झौताका लागि महाशाखामा सम्पर्क गर्नु पर्नेछ।

१६. **सम्झौता गर्नेः**(१) निर्देशक समितिबाट स्वीकृत प्रस्तावलाई योग्यताक्रम अनुसार वार्षिक बजेटको परिधिभित्र रही महाशाखाले सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतसँग अनुसूची-६ को ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(२) दफा १५ को उपदफा (४) बमोजिमको समयमा स्थानीय तहले सम्झौताका लागि सम्पर्क नगरेमा त्यसपछिको योग्यताक्रममा रहेका स्थानीय तहलाई सम्झौताका लागि बोलाउनेछ ।

## परिच्छेद–६

## वित्तीय व्यवस्थापन

१७. **बजेट निकासाः** (१) मन्त्रालयले सम्झौता सम्पन्न गरेका स्थानीय तहलाई प्रदेश लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा इकाई कार्यालयबाट अन्तरसरकारी अख्तियारी मार्फत बजेट निकासा गर्नेछ।

(२) स्थानीय तहले आफूले व्यहोर्नुपर्ने लागत सहभागिता वापतको रकम प्रचलित कानून बमोजिम व्यवस्था गर्नु पर्नेछ।

१८. **खर्च व्यवस्थापन तथा वित्तीय अनुशासनः** (१) कार्यक्रम खर्च सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(२) कार्यक्रमको रकम देहायका क्षेत्रमा खर्च गर्न पाइने छैनः-

(क) भौतिक पूर्वाधार संरचना निर्माण जस्तै: सडक, पुल, सिँचाइ पूर्वाधार, जलविद्युत, भ्यूटावर, स्वागतद्वार, कार्यालय भवन, सभा हल, खानेपानी शुद्धीकरण जस्ता पूर्वाधारका क्षेत्र,

(ख) कार्यक्रम सञ्चालनको लागि नियमित कर्मचारीको खर्च,

(ग) ठूला मेशिनरी उपकरण तथा सवारी साधन खरिद,

(घ) विपद् सम्बन्धी स्थानीय तहले गर्दै आएका नियमित राहत वितरण सम्बन्धी कार्यक्रम।

तर, परियोजनाको अभिन्न अङ्गको रूपमा रहेका अत्यावश्यक भौतिक पूर्वाधार निर्माण तथा मेशिनरी उपकरण व्यवस्थापनमा स्थानीय तहको लागत सहभागिताको हिस्साबाट दायित्व व्यहोर्ने गरी खर्च गर्न बाधा पुग्ने छैन।

१९. **खरिद व्यवस्थापनः** (१) परियोजना कार्यान्वयनका लागि खरिद सम्बन्धी व्यवस्था प्रचलित खरिद कानून बमोजिम हुनेछ।

(२) कार्यक्रम अन्तर्गत सञ्चालित परियोजनालाई स्थानीय तहको स्वीकृत खरिद योजनामा समावेश नगरी खरिद कार्य गर्न पाइने छैन।

२०. **लेखापालन तथा प्रतिवेदनः** (१) स्थानीय तहले कार्यक्रमको विवरण, लेखापालन र प्रतिवेदन प्रणाली प्रचलित कानून अनुसार गर्नु पर्नेछ।

(२) कार्यक्रमको मासिक, त्रैमासिक र अन्तिम वित्तीय तथा भौतिक प्रगति प्रतिवेदनहरू अनुसूची- ७ को ढाँचामा मन्त्रालयमा पठाउनु पर्नेछ।

२१. **अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षणः** (१) कार्यक्रमको अनुगमन र मूल्याङ्कन प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम हुनेछ।

(२) मन्त्रालयले कार्यक्रम अन्तर्गत सञ्चालित परियोजनाको नियमित अनुगमन गर्नेछ।

(३) मन्त्रालयले आवश्यक ठानेमा तेस्रो पक्षबाट कार्यक्रमको मूल्याङ्कन गराउन सक्नेछ।

(४) कार्यक्रमको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

२२. **वित्तीय अनुशासन तथा पारदर्शिताः** (१) परियोजना सम्पन्न भएपछि प्रचलित कानून अनुसार सार्वजनिक परीक्षण गर्नु पर्नेछ।

(२) परियोजना सम्पन्न भएपछि प्राविधिक जाँचपास तथा फरफारक गर्नु पर्नेछ।

(३) कार्यक्रम सञ्चालन, प्रगति तथा खर्च सम्बन्धी सूचनाहरू स्थानीय तहको वेबसाइट तथा प्रतिवेदनमार्फत् नियमित रूपमा सार्वजनिक गर्नु पर्नेछ।

२३. **अनुदान रकमको सीमा र अवधिः** (१) कार्यक्रमबाट उपलब्ध हुने रकम एकल प्रस्तावको हकमा प्रति परियोजना एक करोड पचास लाख रुपैयाँसम्म र संयुक्त प्रस्तावको हकमा चार करोड रुपैंयासम्म हुनेछ।

तर, एकल तथा संयुक्त दुवै प्रस्तावका परियोजनाको कुल लागत एक करोड रुपैयाँ भन्दा कम हुने छैन।

(२) परियोजनाको कार्यान्वयन अवधि एक आर्थिक वर्षको हुनेछ। तत्पश्चात सो परियोजनाको संचालन, मर्मत, संभार र दिगोपनको लागि सम्बन्धित स्थानीय तहले आवश्यक प्रबन्ध गर्नुपर्नेछ।

(३) सम्झौता बमोजिम सालबसाली कार्यक्रमको दायित्व सोही आर्थिक वर्षमा भुक्तानी गर्नुपर्नेछ। दायित्व अर्को आर्थिक वर्षमा सारिएमा सम्बन्धित स्थानीय तहबाटै त्यस्तो भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ।

२४. **लागत सहभागिताः** (१) कार्यक्रमको लागत सहभागिता देहाय बमोजिम हुनेछः-

(क) वार्षिक पन्ध्र लाख रूपैयाँ भन्दा कम आन्तरिक आय भएका स्थानीय तहले परियोजनाको कुल लागतको कम्तीमा १५ प्रतिशत रकम,

(ख) वार्षिक पन्ध्र लाख रुपैयाँ भन्दा माथि र पच्चीस लाख रूपैयाँ भन्दा कम आन्तरिक आय भएका स्थानीय तहले परियोजनाको कुल लागतको कम्तीमा २० प्रतिशत रकम,

(ग) वार्षिक पच्चीस लाख रूपैयाँभन्दा माथि आन्तरिक आय भएका स्थानीय तहले परियोजनाको कुल लागतको कम्तीमा २५ प्रतिशत रकम,

(घ) महानगरपालिकाले परियोजनाको कुल लागतको कम्तीमा ३० प्रतिशत रकम,

(ङ) एक भन्दा बढी स्थानीय तहसँग लागत साझेदारी गर्नेगरी परियोजना प्रस्ताव पेस गर्दा परियोजनाको कुल लागतको कम्तीमा ३० प्रतिशत रकम।

(२) स्थानीय तहले यस कार्यक्रम बाहेक संघ तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणका कार्यक्रमसँग लागत साझेदारी हुने गरी परियोजना प्रस्ताव पेस गर्न सक्ने छैनन्।

## परिच्छेद–७

## विविध

२५. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा निर्देशक समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

२६. **निकासा रोक्का हुनेः** सम्झौता बमोजिम परियोजना सञ्चालन नगर्ने स्थानीय तहको निकासा रोक्का हुनेछ।

२७. **खारेजी र बचाउः**(१) मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ खारेज गरिएको छ।

(२) मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ बमोजिम भए गरेका कार्यहरू यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ।

## अनुसूची–१

(दफा १२ सँग सम्बन्धित)

**नवप्रवर्तनका सम्भावित विषय क्षेत्र र परियोजना**

| विषय क्षेत्र | परियोजना |
|---|---|
| १. कृषि | १.१ रैथाने बाली ब्रान्डिङ, मूल्य अभिवृद्धि र बजारीकरण<br>१.२ स्थानीय जातका माछाको उत्पादन र ब्रान्डिङ<br>१.३ कृषि प्रशोधन, ब्रान्डिङ र मूल्य अभिवृद्धिका उपायहरू (जस्तै: Juice, Jam)<br>१.४ कफि, चिया, अलैंची र मसलाजन्य वालीको विकास, ब्रान्डिङ र बजारीकरण<br>१.५ कृषि उपजको बजारीकरण र सञ्जालीकरण<br>१.६ पशु तथा मत्स्यजन्य उपजको बजार सञ्जालीकरण (Market Networking)<br>१.७ प्राङ्गारिक तथा जैविक मल उत्पादन र बजारीकरण<br>१.८ पशुपन्छी आहार व्यवस्थापन (जस्तैः साइलेज उत्पादन)<br>१.९ कृषि उपज भण्डारण एवम् सञ्चयका लागि कोल्ड स्टोर |
| २. पर्यटन | २.१ समुदायमूलक (Pro-community) तथा पर्या-पर्यटन (Eco-tourism) प्रवर्द्धन<br>२.२ स्थानीय (Indigenous) कला, प्रविधि, सीप प्रवर्द्धन<br>२.३ लोक संस्कृति (Folk Culture) संरक्षण र विकास<br>२.४ Nature, Culture and Adventure Model (जस्तैः हनी हन्टिङ, रक क्लाइम्बिङ, फुट ट्रेल)<br>२.५ अन्तर स्थानीय तह सांस्कृतिक पर्यटन प्रवर्द्धन (जस्तैः सर्किट, ट्रयाङ्गल)<br>२.६ वेलनेस र आरोग्य पर्यटन |
| ३. आर्थिक उपार्जन | ३.१ उद्यमशीलता प्रवर्द्धन<br>३.२ युवा रोजगार र स्व-रोजगार<br>३.३ नयाँ व्यवसाय वा उद्योग (Start- ups)<br>३.४ वित्तीय साक्षरता, पहुँच, बचत प्रोत्साहनका कार्यक्रम |

| | |
|---|---|
| | ३.५ आर्थिक सामाजिक रूपमा पछाडि परेका वर्गहरूको आर्थिक-सामाजिक रूपान्तरण,<br>३.६ अन्तर स्थानीय तह आर्थिक साझेदारी विकास र प्रवर्द्धन गर्ने (Economic Corridor, फोहोरमैला व्यवस्थापन र हरित रोजगारी) |
| ४. शिक्षा तथा स्वास्थ्य | ४.१ डिजिटल लर्निङ सम्बन्धी प्रविधि (जस्तैः Innovation Lab, विषयगत प्रयोगशाला)<br>४.२ बालमैत्री र समावेशी शिक्षा<br>४.३ स्थानीय भाषाको संरक्षण, ई-लर्निङ पाठ्यवस्तु र सामग्री निर्माण<br>४.४ फ्राईडे फर फ्युचर कार्यक्रम (जस्तैः Life Skill, Painting, Drawing, Cooking, Hair cutting, Beautician, Knowledge-transfer, दुना टपरी गास्न सिकाउने, खेती गर्न सिकाउने)<br>४.५ SMART Health, प्रतिकारात्मक स्वास्थ्य सेवा, टेलिमेडिसिन<br>५.५ बाल तथा मातृ स्वास्थ्य सुधार कार्यक्रम |
| ५. सुशासन र सेवा प्रवाह | ५.१ सार्वजनिक सेवामा एकद्वार प्रणाली<br>५.२ सार्वजनिक सेवा प्रवाह गर्न नवप्रवर्तन प्रयोगशाला<br>५.३ लैङ्गिक समानता र सशक्तिकरण प्रवर्द्धन (जस्तैः अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग, लोपोन्मुख, यौनिक अल्पसंख्यकको लागि आय आर्जन तथा जीविकोपार्जन) |
| ६. उद्योग | ६.१ रैथाने, मौलिक, परम्परागत ज्ञान, सीपमा आधारित वस्तु उत्पादन, उपयोग, प्रशोधन, मूल्य शृङ्खला विकास, प्याकेजिङ गर्ने<br>६.२ स्थानीय कच्चा पदार्थमा आधारित लघु उद्यम (सावुन, धूप, सलाई, मैनबत्ती, टुथपिक) बजारीकरण<br>६.३ गैर काष्ठ वन पैदावारमा आधारित उद्योग प्रवर्द्धन (जस्तैः फर्निचर, हस्तकलाका सामग्री, दुना-टपरी उद्योग) र बजारीकरण<br>६.४ उद्यमशीलता विकास कार्यक्रम (जस्तैः घरेलु तथा साना उद्योग, उत्पादन, प्रशोधन, बजारीकरण) |

| | |
|---|---|
| ७. सूचना र सञ्चार | ७.१ सूचना प्रविधि र सार्वजनिक सूचनामा नागरिकको पहुँच वृद्धि<br>७.२ विद्युतीय सुशासन सम्बन्धी क्षेत्र (जस्तैः अनलाईन कर प्रणाली, गुनासो व्यवस्थापन प्रणाली, घर नक्शा पास, स्थानीय विवाद निरूपण प्रणाली)<br>७.३ डिजिटल सेवा केन्द्र<br>७.४ Community IT Center / Innovation Hub<br>७.५ डिजिटल सेवा प्रवाह (GIS Mapping, Municipal Metric System, Resource Mapping, Monitoring Platform) |

## अनुसूची — २

(दफा १३ को उपदफा (१) र दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

**प्रस्ताव पेस गर्ने ढाँचा**

**परियोजनाको नामः**

| | |
|---|---|
| **क. परियोजना सम्बन्धी संक्षिप्त जानकारी** | |
| (१) परियोजनाको नाम/शीर्षक | |
| (२) परियोजना लागू हुने स्थानीय तहको नामः | |
| (३) वडा नं. | टोल/ वस्तीः |
| (४) प्रस्तावकको नाम | |
| (५) प्रस्तावक स्थानीय तहको सम्पर्क इमेल र फोन | |
| (६) परियोजना कार्यान्वयन गर्ने महाशाखा/शाखा | |
| (७) सम्पर्क व्यक्तिको नामः | |
| (८) सम्पर्क व्यक्तिको इमेलः | |
| (९) सम्पर्क व्यक्तिको मोबाइल नं.: | |
| (१०) परियोजनाको अवधि | आ.व. .... |
| (११) परियोजनाको प्रकार | एकल वा संयुक्त |
| (१२) संयुक्त प्रस्ताव भएमा (साझेदारहरूको नाम, ठेगाना, इमेल/फोन नं. र सम्पर्क व्यक्तिको नाम र मोबाइल नं.) | १.<br>२.<br>३. |
| (१३) परियोजनाको कुल लागत रू. | प्रदेश सरकारको लागत सहभागिताः<br>स्थानीय तहको लागत सहभागिताः |
| (१४) प्रस्ताव पेस गरेको मिति | |
| **ख. कार्यक्रमको विस्तृत प्रारुप, नवप्रर्वतनमा योगदान तथा कार्यान्वयन प्रक्रिया (व्याख्या गर्नुपर्ने)** | |
| (१) परियोजनाको पृष्ठभूमि (समस्या तथा अवसरको विवरण) | |
| (२) आयोजनाले नवप्रवर्तनलाई सहयोग गर्ने पुष्ट्याई (विद्यमान समस्यालाई कसरी नविनतम् प्रविधिको प्रयोगबाट मितव्ययी, कम समय र प्रभावकारी रूपमा समाधान गर्न | |

| |
|---|
| सकिन्छ? समुदायको लागि सहज र सरल रूपमा उपलब्ध हुन सक्छ? तथ्यमा आधारित भई बुँदामा उल्लेख गर्ने) |
| (३) परियोजनाको नवप्रवर्तन अवधारणापत्रमा पेस गरिएको योगदान लगायत नवीनतम् सकारात्मक परिवर्तनका क्षेत्रहरूमा केन्द्रित भएर थप गहन विश्लेषण गरिएको (कम्तीमा पनि ५०० शब्द)<br>क) अध्ययनको समयमा सम्पन्न गरिएका क्रियाकलापहरू:<br><br>ख) प्राविधिक सम्भाव्यताः (अध्ययनको समयमा देखिएका प्रविधिको प्रकार, व्यवहारिकता र स्थायित्व)<br><br>ग) आर्थिक सम्भाव्यताः (लागत प्रभावकारिता, लाभ/लागत विश्लेषण, स्थानीय स्तरमा उपलब्ध हुनसक्ने सामग्री, स्थानीय लागत सहभागिता, सञ्चालन तथा मर्मत, संभार खर्च, विद्यमान माग/आपूर्ती श्रृङ्खला र परियोजना कार्यान्वयन पश्चात हुने परिवर्तन, लगानी र प्रतिफल योजना (Business Plan), सिर्जना हुन सक्ने रोगगारी, नागरिकको आर्थिक अवस्थामा पर्नसक्ने संभावित प्रभाव, समावेशी आर्थिक विकासमा योगदान आदि)<br><br>घ) सामाजिक सम्भाव्यताः (सामाजिक समावेशी, सामाजिक सांस्कृतिक स्वीकार्यता, कार्यान्वयन तत्परता, समुदायको परियोजना कार्यान्वयनमा सहभागिता र तत्परता आदि)<br><br>ङ) वातावरणीय प्रभाव, दिगोपन र परियोजनाको विश्वसनीयताः (परियोजना वातावरण मैत्री, लाभप्रद र दिगो हुने स्पष्ट आधारहरू)<br><br>च) परियोजनाको दिगोपनको सुनिश्चितताः |
| (४) परियोजना माग गर्नुका आधार तथा औचित्य |
| (५) परियोजनाको तार्किक ढाँचा (परियोजनाका उद्देश्य, प्रभाव, उपलब्धि, प्रतिफल एवम् मुख्य क्रियाकलापहरू बीच कारणगत सम्बन्ध कायम गरिएको- बढीमा २ पाना) |

परियोजनाको लक्ष्य............

| विवरण | सङ्ख्यात्मक रूपमा पुष्ट्याइँयोग्य सूचकहरू (Objectively Verifiable Indicators) | गुणात्मक रूपमा पुष्ट्याइँयोग्य सूचकहरू (Verifiable Qualititative Indicators) | पुष्ट्याइँका आधारहरू (Means of Verification) |
|---|---|---|---|
| उद्देश्य १..... | | | |
| उपलब्धि १............ | | | |
| प्रतिफल १.१............ | | | |
| प्रतिफल १.२............ | | | |
| उद्देश्य २ | | | |
| उपलब्धि २............ | | | |
| प्रतिफल २.१............ | | | |
| प्रतिफल २.२............ | | | |
| प्रतिफल २.३............ | | | |

मुख्य गतिविधिहरुः

१..............२..................३............................४............................५................................
...............

(१) परियोजना कार्यान्वयन प्रक्रिया ( ढाँचा, योजना तर्जुमा तथा बजेट व्यवस्थापन, मानव संशाधन परिचालन, अनुगमन प्रक्रिया तथा गतिविधिहरू सञ्चालन आदि)

(२) परियोजनाको लाभग्राही सङ्ख्या (महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, विपन्न तथा वञ्चित समूह) विवरण (वर्गीकृत रुपमा वास्तविक विवरण भर्नुपर्ने)

(३) परियोजनाले दिगो विकास लक्ष्य कार्यान्वयनमा योगदान ( गरिबी न्यूनीकरण, लैङ्गिक समता, बहु-सरोकारवालासँगको सम्बन्ध तथा समन्वय जस्ता विषयवस्तु समेत समेट्नु पर्ने)

(४) पारदर्शी तथा गुणस्तरीय कार्यको सुनिश्चितताका लागि प्रयोग गरिने औजारहरु

| |
|---|
| |
| (५) परियोजनाका प्रगति तथा सिकाइको अभिलेख, नीतिगत प्रभाव विश्लेषण आदि |

**ग. परियोजनाको प्रस्तावित अनुगमन तथा मूल्याङ्कन तालिका**

| विवरण | समय तालिका | पटक | अनुगमनमा संलग्न हुने जनशक्ति विवरण | |
|---|---|---|---|---|
| | | | नाम | पद |
| (१) सम्भाव्यताको लागि स्थलगत भ्रमण | | | | |
| (२) प्रगति अनुगमन | | | | |
| (३) जाँचपासको लागि भ्रमण | | | | |
| (४) सार्वजनिक परीक्षणको भ्रमण | | | | |
| (५) आयोजना हस्तान्तरणमा भ्रमण | | | | |
| (६) प्रगति समीक्षा | | | | |

**घ. आयोजनाको प्रस्तावित कार्यान्वयन तालिका**

| क्रियाकलाप | समय | जिम्मेवारी | प्रतिफल |
|---|---|---|---|
| (१) अवधारणा पत्र तयार पार्ने | | | |
| (२) लागत अनुमान तयार पार्ने | | | |
| (३) परामर्श सेवा भए कार्यशर्त क्षेत्र तथा अनुरोध प्रस्ताव तयार गर्ने<br>(४) तालिम कार्य भए तालिम योजना तयार पार्ने | | | |
| (५) उपकरण खरिद भए स्पेसिफिकेसन सहित बिड डकुमेन्ट तयार गर्ने | | | |
| (६) निर्माण कार्य भए स्पेसिफिकेसनसहित आवश्यक कागजात तयार गर्ने | | | |
| (७) सूचना वा प्रस्ताव आह्वान | | | |
| (८) प्रस्तावको मूल्याङ्कन | | | |
| (९) सम्झौता समय | | | |
| (१०) कार्यान्वयन सम्पन्न | | | |
| (११) जाँचपास | | | |

| क्रियाकलाप | समय | जिम्मेवारी | प्रतिफल |
|---|---|---|---|
| (१२)सार्वजनिक परीक्षण | | | |
| (१३)फरफारक | | | |

**ङ. प्रस्तावित परियोजनाको संभावित जोखिमको लेखाजोखा**

| सम्भावित जोखिम | जोखिमको असर/ परिणाम | जोखिम न्यूनीकरणको रणनीति |
|---|---|---|
| (१) वातावरणीय तथा विपद् जोखिम | | |
| (२) वित्तीय जोखिम | | |
| (३) प्राविधिक तथा अन्य जोखिम आदि | | |
| (४) अन्यः | | |

**च. समसामयिक विषयवस्तुः**

| विषय | विवरण | कैफियत |
|---|---|---|
| सीमान्तीकृत वर्गको आर्थिक, सामाजिक विकासका क्षेत्रमा योगदान | | |
| चालु आ.व.को वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक उत्तरदायी बजेटको प्रतिशत | | |
| स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा प्राप्त गरेको अङ्क | | |
| गत आ.व. को पुँजीगत खर्चको प्रतिशत | | |
| प्रस्तावमा भौतिक पूर्वाधारमा छुट्याइएको खर्च प्रतिशत | | |
| पछिल्लो अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेरूजु प्रतिशत | | |
| गत आ.व.को स्थानीय तहको आन्तरिक आय | | |

**छ. परियोजनाको बजेट खर्चको बाँडफाँट (रकम रु.)**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **१. जनशक्ति खर्च** | | | | | | |
| सि.नं. | विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च | रकम/बेहोरिने स्रोत |
| | | | | | | |
| | | | | | | |
| | | **उप–जम्मा १** | | | | |
| **२. उपकरण खर्च** | | | | | | |
| सि.नं. | विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च | रकम/बेहोरिने स्रोत |
| | | | | | | |
| | | | | | | |
| | | **उप–जम्मा २** | | | | |
| **३. निर्माण खर्च** | | | | | | |
| सि.नं. | विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च | रकम/बेहोरिने स्रोत |
| | | | | | | |
| | | | | | | |
| | | **उप–जम्मा ३** | | | | |
| **४. तालिम खर्च** | | | | | | |
| सि.नं. | विवरण | एकाइ | परिमाण | दर | जम्मा | रकम/बेहोरिने स्रोत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | खर्च | |
| | | | | | | |
| | | | | | | |
| **उप–जम्मा ४** | | | | | | |
| **५. परामर्श खर्च** | | | | | | |
| सि.नं. | विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च | रकम/बेहोरिने स्रोत |
| | | | | | | |
| | | | | | | |
| **उप–जम्मा ५** | | | | | | |
| **६. अनुगमन खर्च** | | | | | | |
| सि.नं. | विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च | रकम/बेहोरिने स्रोत |
| | | | | | | |
| | | | | | | |
| **उप–जम्मा ६** | | | | | | |
| **७. अन्य गतिविधि खर्च** | | | | | | |
| सि.नं. | विवरण | एकाइ | परिमाण | दर | जम्मा खर्च | रकम/बेहोरिने स्रोत |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| **उप–जम्मा ७** | | | | | | |
| **कुल जम्मा लागत खर्च रु. (१+२+३+४+५+६+७)** | | | | | | |
| **कार्यक्रमसँग सम्बन्धित खर्च मात्र समावेश गर्नु पर्दछ। जस्तैः निर्माण कार्यमा तालिम खर्च नहुन सक्छ।** | | | | | | |
| | | | | | | |

**८. परियोजनाको प्रकृति अनुसार व्यवसायिक योजना प्रस्तुत गर्नुपर्नेः**

क) परियोजना कार्यान्वयनको लाभ/ लागत विश्लेषण

ख) परियोजनाको लागत शून्य हुने अवधि (उत्पादन सुरु भए देखिको खर्च र आम्दानी (विक्री) अनुपात, बजार व्यवस्था विस्तृतमा उल्लेख गर्ने)

**<u>नोटः</u>**

माथिको लागत अनुमान टेबललाई एक्सेल सिटमा तयार गरी पेस गर्नु पर्नेछ। यसमा आवश्यकता अनुसार तेस्रो पङ्क्ति (Row) थपघट गर्न सकिनेछ। साथै, प्रस्ताव (Project Proposal) को प्रकृतिसँग सान्दर्भिक माथि उल्लेख भए बमोजिमका सबै बुँदाहरू विस्तृत रूपमा भरिएको हुनुपर्नेछ। विवरण पूर्ण नभरिएका प्रस्ताव रद्द हुनेछ।

## अनुसूची—३

(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

**मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना**

*प्रथम पटक प्रकाशित मितिः*....................................

गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको चालु आ.व........ को मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयनका लागि मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ को दफा १३ बमोजिम यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र गण्डकी प्रदेशस्थित दफा ११ अनुसारको योग्यता पुगेका स्थानीय तहले अनुसूची-१ अनुसारका विषय क्षेत्रमा परियोजना सञ्चालनका लागि अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी कार्यविधिको अनुसूची-४ बमोजिमका सबै कागजात सहित विद्युतीय प्रति आवेदन पेस गर्नु हुन अनुरोध गरिन्छ।

यस सम्बन्धी थप जानकारी मन्त्रालयको वेबसाइट ocmcm.gandaki.gov.np मा रहेको **मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३** मार्फत प्राप्त गर्न सकिने छ।

**थप जानकारीका लागि;**

सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं.:

## अनुसूची–४

(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

**परियोजना प्रस्तावसँग समावेश गर्नुपर्ने कागजातहरू**

१. परियोजना प्रस्तावका लागि दिईएको ढाँचा (अनुसूची-२) अनुसार आवश्यक सबै विवरणहरू भरी मन्त्रालयमा पेस गर्ने सम्वन्धी गाउँपालिका/नगरपालिकाको चलानी पत्र सहितको परियोजना प्रस्ताव-१।

२. कार्यविधिको दफा २४ अनुसार लागत साझेदारीमा परियोजना कार्यान्वयन गर्न गाउँ/नगर कार्यपालिकाको सदस्यहरूको उपस्थिति सहितको निर्णयको प्रमाणित प्रति।

३. पछिल्लो (latest) पटक सार्वजनिक भएको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा न्यूनतम पचास प्रतिशत अङ्क हासिल गरेको प्रमाण,

तर, आर्थिक वर्ष २०८३/८४ को हकमा प्रस्ताव पेस गर्ने अन्तिम मितिसम्म LGPAS को नतिजा सार्वजनिक नभएको अवस्थामा पछिल्लो पटक सार्वजनिक भएको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा न्यूनतम पचास प्रतिशत अङ्क हासिल गरेको प्रमाण।

४. गाउँ/नगर सभावाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (१) अनुसार बजेट तथा कार्यक्रम पेस गरेको र उपदफा (६) बमोजिम पारित गरेको निर्णयको प्रमाणित प्रति।

५. गत आर्थिक वर्षमा पूँजीगत खर्च कम्तीमा चालिस प्रतिशत भएको पुष्ट्याई हुने कागजातको प्रमाणित प्रति।

६. पछिल्लो अन्तिम लेखापरीक्षण प्रतिवेदनमा पाँच प्रतिशत भन्दा कम बेरुजु भएको प्रमाण ।

७. कानूनले निर्दिष्ट गरे बमोजिम अघिल्लो आर्थिक वर्षमा प्रदेश सरकारलाई दाखिला गर्नु पर्ने राजस्व बाँडफाँट वापतको रकम सम्बन्धित स्थानीय तहले प्रदेश सञ्चित कोषमा दाखिला गरेको पुष्ट्याई हुने कागजातको प्रमाणित प्रति।

८. दुई वा सो भन्दा बढी स्थानीय तहले संयुक्त रूपमा प्रस्ताव पेस गरेमा लागत साझेदारी र कार्यक्रम सञ्चालन खाका र प्रतिवद्धता सहितको समझदारी पत्र (MoU)मा हस्ताक्षर भएको प्रमाणित प्रति।

९. परियोजना स्वीकृत भएमा परियोजना सम्पन्न, पूर्ण सञ्चालन, मर्मत-संभार गर्ने र दिगोपन सुनिश्चित गर्ने दायित्व सम्बन्धित स्थानीय तहको हुने स्व-घोषणा पत्र।

**अनुसूची—५**

(दफा १५ को उपदफा (१) सँग सम्बन्धित)

**<u>परियोजना प्रस्ताव मूल्याङ्कनका आधारहरू</u>**

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार (प्राप्त गर्ने अङ्क प्रतिशत) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| (१) | प्रस्तावको नवप्रवर्तन अवधारणा | १० | – अति उत्तम नवप्रवर्तनकारी प्रस्ताव (पूर्ण रुपमा नयाँ र हाल सम्म परीक्षण नगरिएको) = १०० %<br>– उत्तम नवप्रवर्तनकारी प्रस्ताव = ८० %<br>– मध्यम नवप्रवर्तनकारी (अन्य क्षेत्रमा समेत अनुकरणीय) भएको = ६० %<br>– न्यून नवप्रवर्तनकारी (अन्य क्षेत्रमा यस अघि पनि सफलतापूर्वक परीक्षण गरिसकेको र नयाँ क्षेत्रमा विस्तार गर्न सकिने) = ४० %<br>– नवप्रवर्तनकारी नभएको = ०% | | उद्देश्यसँग तालमेल मिलेको |
| (२) | परियोजनाको तार्किक ढाँचा (Log | ५ | – अति प्रभावकारी भएको (पूर्णरुपमा कारणगत | | |

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार (प्राप्त गर्ने अङ्क प्रतिशत) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | Frame) को अवस्था | | लिङ्केज कायम गरेको) = १०० %<br>– मध्यम तवरले प्रभावकारी भएको (ठीकै रुपमा कारणगत लिङ्केज कायम गरेको) = ७५ %<br>– सामान्य प्रभावकारी भएको ( थोरै कारणगत लिङ्केज कायम गरिएको) = ५० %<br>– कारणगत लिङ्केज कायम नगरेको = ०% | | |
| (३) | कार्यान्वयन ढाँचा तथा व्यवस्थापन | ५ | – अत्यन्तै प्रभावकारी भएको = १०० %<br>– मध्यम प्रभावकारी भएको = ७५ %<br>– सामान्य प्रभावकारी भएको = ५० %<br>– प्रभावकारी नभएको = ० % | | |

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार (प्राप्त गर्ने अङ्क प्रतिशत) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| (४) | यस अघि नवप्रवर्तन साझेदारी कार्यक्रम (संघ सशर्त र प्रदेश सरकार स्रोत तर्फ) मार्फत परियोजना कार्यान्वयन गरेका स्थानीय तह बाहेकका नयाँलाई प्राथमिकता | १० | – यस अघि नवप्रवर्तन साझेदारी कार्यक्रममा समावेश नभएको = १०० %<br>– यस अघि १ पटक नवप्रवर्तन साझेदारी कार्यक्रममा समावेश भएको = ७०%<br>– यस अघि २ पटक नवप्रवर्तन साझेदारी कार्यक्रममा समावेश भएको = ४०%<br>- यस अघि २ भन्दा बढी पटक नवप्रवर्तन साझेदारी कार्यक्रममा समावेश भएको = ०% | | |
| (५) | महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत र लक्षित वर्गको सशक्तीकरणमा योगदान | १० | – लाभग्राहीमध्ये कम्तीमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तीकृत वर्गको ६०% सहभागिता रहेको = १००% | | |

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार (प्राप्त गर्ने अङ्क प्रतिशत) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | | | – लाभग्राहीमध्ये कम्तीमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तीकृत वर्गको ५०% सहभागिता रहेको = ८०%<br>– लाभग्राहीमध्ये कम्तीमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तीकृत वर्गको ४०% सहभागिता रहेको = ६०%<br>– लाभग्राहीमध्ये कम्तीमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तीकृत वर्गको ४०% भन्दा कम रहेको = ०% | | |
| (६) | दिगो विकासका लक्ष्यमा योगदान दिने | ५ | – दिगो विकासका लक्ष्यहरु मध्ये कम्तीमा ८ वा सो भन्दा बढीमा योगदान गर्ने= १००% | | |

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार (प्राप्त गर्ने अङ्क प्रतिशत) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | | | – दिगो विकासका लक्ष्यहरु मध्ये कम्तीमा ५ देखि ७ सम्म योगदान गर्ने= ७०%<br>– दिगो विकासका लक्ष्यहरु मध्ये कम्तीमा ३ देखि ४ सम्म योगदान गर्ने= ४०%<br>– दिगो विकासका राष्ट्रिय लक्ष्यमा २ वा सो भन्दा कम योगदान गर्ने = ० % | | |
| (७) | पारदर्शी एवम् गुणस्तरीय कार्यको सुनिश्चितताका लागि प्रयोग गरिने औजार | ५ | – पूर्ण पारदर्शी एवम् गुणस्तरीय कार्यको सुनिश्चितताका लागि प्रयोग गरिने औजार (नागरिक संलग्नता, तेश्रो पक्ष अनुगमन, जवाफदेहिताका औजार पूर्ण प्रयोग सुनिश्चित गरिएको) = १००%<br>– पारदर्शी एवम् गुणस्तरीय कार्यको | | |

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार (प्राप्त गर्ने अङ्क प्रतिशत) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | | | सुनिश्चितताका लागि प्रयोग गरिने औजार ( नागरिक संग्लग्नता, तेश्रो पक्ष अनुगमन, जवाफदेहिताका औजार मध्यम प्रयोग सुनिश्चित गरिएको) = ७५%<br>– पारदर्शी एवम् गुणस्तरीय कार्यको सुनिश्चितताका लागि प्रयोग गरिने औजार ( नागरिक संग्लग्नता, तेश्रो पक्ष अनुगमन, जवाफदेहिताका औजार केही प्रयोग सुनिश्चित गरिएको) = ५०%<br>– पारदर्शी एवम् गुणस्तरीय कार्यको सुनिश्चितताका लागि प्रयोग गरिने औजार उल्लेख नगरिएको = ०% | | |
| (८) | ज्ञान व्यवस्थापन तथा सिकाइ | ५ | – प्रभावकारी ज्ञान व्यवस्थापन तथा सिकाइ प्रक्रिया | | |

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार (प्राप्त गर्ने अङ्क प्रतिशत) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | | | उल्लेख भएको= १००%<br>– ज्ञान व्यवस्थापन तथा सिकाइ प्रक्रिया मध्यम रुपमा प्रस्तुत गरिएको= ७५%<br>– ज्ञान व्यवस्थापन तथा सिकाइ प्रक्रिया सामान्य रुपमा प्रस्तुत गरिएको= ५०%<br>– ज्ञान व्यवस्थापन तथा सिकाइ सुनिश्चितता नभएको= ०% | | |
| (९) | स्थानीय तहको चालु आ.व.को लैंङ्गिक उत्तरदायी बजेट विनियोजन | ५ | – कुल बजेटमा ६० % भन्दा बढी लैंङ्गिक उत्तरदायी बजेट रहेको (निर्दिष्ट) = १००%<br>– कुल बजेटमा १०% देखि ६० % सम्म लैंङ्गिक उत्तरदायी बजेट रहेको (सहयोगी) = ७५%<br>– कुल बजेटमा १० % | | |

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार (प्राप्त गर्ने अङ्क प्रतिशत) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | | | भन्दा कम लैङ्गिक उत्तरदायी बजेट रहेको (तटस्थ) = ०% | | |
| (१०) | स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को प्राप्ताङ्क | १० | – ९१ वा सो भन्दा बढी अङ्क प्राप्त गरेको = १००%<br>– ८१ वा सो भन्दा बढी ९० भन्दा कम अङ्क प्राप्त गरेको = ९०%<br>– ७१ वा सो भन्दा बढी ८० भन्दा कम अङ्क प्राप्त गरेको = ८०%<br>– ६१ वा सो भन्दा बढी ७० भन्दा कम अङ्क प्राप्त गरेको = ७०%<br>– ५१ वा सो भन्दा बढी ६० भन्दा कम अङ्क प्राप्त गरेको = ६०%<br>– ५० भन्दा कम अङ्क प्राप्त गरेको = ०% | | |
| (११) | बेरुजुको अवस्था | ५ | – १ % भन्दा कम बेरुजु भएको = | | |

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार (प्राप्त गर्ने अङ्क प्रतिशत) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | | | १००%<br>– १% वा सो भन्दा बढी र २% भन्दा कम बेरुजु भएको = ८०%<br>– २% वा सो भन्दा बढी र ३% भन्दा कम बेरुजु भएको = ६०%<br>– ३% वा सो भन्दा बढी र ४% भन्दा कम बेरुजु भएको = ४०%<br>– ४% वा सो भन्दा बढी र ५% भन्दा कम बेरुजु भएको = २०%<br>– ५% वा सो भन्दा बढी बेरुजु भएको = ०% | | |
| (१२) | गत आ. व. को पुँजीगत खर्चको प्रतिशत | ५ | – ९१ वा सो भन्दा बढी खर्च प्रतिशत रहेको = १००% | | |

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार (प्राप्त गर्ने अङ्क प्रतिशत) | प्राप्ता ङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | | | – ८१ वा सो भन्दा बढी ९० भन्दा कम खर्च प्रतिशत रहेको = ९०%<br>– ७१ वा सो भन्दा बढी ८० भन्दा कम खर्च प्रतिशत रहेको = ८०%<br>– ६० वा सो भन्दा बढी ७० भन्दा कम खर्च प्रतिशत रहेको = ७०% | | |
| (१३) | प्रस्तावित परियोजनामा भौतिक पूर्वाधारका क्षेत्रमा हुने खर्च | १० | – ६० % वा सो भन्दा बढी = ०%<br>– ५१ % वा सो भन्दा बढी ६० % सम्म = ३०%<br>– ४१ % वा सो भन्दा बढी ५० % सम्म = ६०%<br>– ३१ % वा सो भन्दा बढी ४० % सम्म = ८०% | | |

| क्र.सं. | मूल्याङ्कनका क्षेत्र | पूर्णाङ्क | मूल्याङ्कनका आधार (प्राप्त गर्ने अङ्क प्रतिशत) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| | | | – ३० % भन्दा कम = १००% | | |
| (१४) | प्रस्तावित परियोजना, बजेट र कार्यक्रम तालिकाबीचको सामञ्जस्यता | १० | – पूर्ण सामञ्जस्यता रहेको =१००%<br>– मध्यम स्तरको सामञ्जस्यता रहेको = ७५%<br>– न्यून सामञ्जस्यता रहेको =५०%<br>– सामञ्जस्यता नरहेको =0% | | |
| | **कुल जम्मा अङ्क** | **१००** | | | |

*<u>नोटः</u>- प्रस्ताव ग्राह्य हुनका निमित्त यस अनुसूचीमा उल्लेखित मूल्याङ्कन सूचकहरूको कुल अङ्कको कम्तीमा ६० प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्नेछ।*

**अनुसूची-६**

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

**<u>सम्झौताको ढाँचा</u>**

**"मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम" कार्यान्वयनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश (यसपछि प्रथम पक्ष उल्लेख गरिएको) तथा ............ गाउँ/ नगरपालिका, ............ (यसपछि दोस्रो पक्ष उल्लेख गरिएको) का बीच भएको सम्झौता-पत्र ।**

स्थानीय सुशासन, सेवा प्रवाह र आर्थिक विकासका क्षेत्रमा नवप्रवर्तनको माध्यमबाट नवीनतम सोच र सिर्जनशीलता प्रवर्द्धन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशले मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ को दफा १६ को उपदफा (१) बमोजिम प्रदेश तथा स्थानीय तहको सह-लगानीमा नवीनतम् परियोजनाहरू सञ्चालन गरी नवप्रवर्तनलाई संस्थागत गर्नको लागि यो परियोजना कार्यान्वयन सम्झौता गरिएको छ।

| | | |
|---|---|---|
| **क. परियोजना सम्बन्धी विवरण** | | |
| १. परियोजनाको नामः | | |
| २. कार्यान्वयन हुने स्थानः | २.१. जिल्लाः | २.२.स्थानीय तहः ........... गाउँ/नगरपालिका |
| ३. परियोजनाको अवधिः | ३.१. सुरु हुने मितिः | ३.२. सम्पन्न हुने मितिः |
| **ख. परियोजनाको लागत सम्बन्धी विवरणः** | | |
| १. परियोजनाको कुल लागतः | रू. | |
| **लागत साझेदारीः** | | |
| १.१ मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमः | रु. | |
| १.२ स्थानीय तहः | रू. | |

| ग. परियोजनाबाट लाभान्वित हुने जनसंख्याः | | |
|---|---|---|
| १. कुल लाभान्वितः | १.१. घरपरिवारः वटा | १.२. जनसंख्याः जना |
| २. महिला/पुरुषः | २.१. महिलाः जना | २.२. पुरुषः जना |
| | ३.२. अन्यः | |
| ३. समुदायः | ३.१. दलितः जना | ३.२. मुस्लिमः जना |
| | ३.२. मधेसीः जना | ३.३. जनजातिः जना |
| | ३.४. ब्राह्मण/क्षेत्री : जना | ३.५. अन्यः जना |

**घ.** यस परियोजनाबाट संचालन हुने क्रियाकलापहरू यसै सम्झौता साथ संलग्न अनुगमन कार्ययोजना, बजेट र खर्चका क्रियाकलापहरू बमोजिम हुनेछन्।

**प्रथम पक्षको जिम्मेवारीः**

१. प्रथम पक्षले कार्यक्रम/परियोजना कार्यान्वयन योजना बमोजिम कूल रकम रु..................(अक्षरुपी.....) मध्ये कार्यक्रम कार्यान्वयन गर्न मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमबाट कुल जम्मा रु..................(अक्षरुपी ...) दोस्रो पक्षलाई उपलब्ध गराउने छ।

२. कार्यक्रम/परियोजना कार्यान्वयन गर्न सम्झौता बमोजिमको रकम प्रथम पक्षले अन्तर सरकारी अख्तियारी मार्फत् कार्यक्रम खर्चबाट प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा इकाई मार्फत् निकाशा गर्नेछ।

३. प्रथम पक्षले कार्यक्रम परियोजना कार्यान्वयन सन्दर्भमा दोस्रो पक्षलाई/आवश्यक सहयोग, सल्लाह, सुझाव र कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न प्रथम पक्षले तयार गरेको चेकलिष्टका आधारमा नियमित अनुगमन तथा मूल्यांकन र पृष्ठपोषण प्रदान गर्नेछ ।

४. परियोजनाको कार्य प्रकृति अनुसार निर्देशक समितिको निर्देशनमा रहि विषयगत मन्त्रालयहरुले आ-आफ्नो मातहत रहेका जिल्लास्थित विषयगत कार्यालयहरु/डिभिजनहरुलाई कार्यक्रमको प्रभावकारी कार्यान्वयन, सहजिकरण र स्थानीय स्तरमा अनुगमन तथा मूल्यांकनका निम्ति जिम्मेवारी प्रदान गर्न तत् तत् मन्त्रालयमा जानकारी पठाउन सक्नेछ ।

५. यो सम्झौता अनुसार परियोजना कार्यान्वयन गर्दा कुनै द्विविधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार प्रथम पक्षमा रहनेछ ।

**दोस्रो पक्षको जिम्मेवारीः**

१. कार्यविधिमा उल्लेख भए बमोजिमको स्थानीय तहले व्यहोर्नु पर्ने रकम रु..................(अक्षरुपी.....) दोस्रो पक्षले सुनिश्चित गर्नु पर्नेछ।
२. दोस्रो पक्षले प्रचलित खरिद कानून अनुसार खरिद प्रक्रिया पुरा गरी तोकिए बमोजिम लेखाङ्कन गर्नुपर्नेछ।
३. खर्च गरेको रकम प्रचलित कानून अनुसार लेखापरीक्षण गराउनुपर्नेछ र सोको प्रतिवेदन प्रथम पक्षलाई पठाउनु पर्नेछ।
४. सम्झौतामा उल्लेख भएको म्याद भित्र दोस्रो पक्षले परियोजना कार्यान्वयन सम्पन्न गरिसक्नु पर्नेछ।
५. दोस्रो पक्षले कार्यक्रमको तर्जुमा, कार्यान्वयनको सहजीकरण एवं प्रतिवेदन प्रणालीको निमित्त विषय सम्बद्ध एकजना अधिकृतलाई सम्पर्क व्यक्ति तोकी सोको जानकारी प्रथम पक्षलाई दिनुपर्नेछ ।
६. परियोजनाको कार्य प्रकृति अनुसार प्रदेश सरकार मातहतका जिल्लास्थित विषयगत कार्यालयहरु/डिभिजनहरुसँग कार्यक्रमको प्रभावकारी कार्यान्वयन, प्राविधिक परामर्श, सहजिकरण र स्थानीय स्तरमा अनुगमन तथा मूल्यांकनका निम्ति समन्वय गर्नुपर्नेछ।
७. दोस्रो पक्षले आफ्नो योजना अनुगमन समितिबाट कार्यक्रम कार्यान्वयनको प्रथम पक्षले तयार गरेको अनुगमन सूचकका आधारमा नियमित अनुगमन गरी त्रैमासिक रूपमा वित्तीय एवं भौतिक प्रगति तथा समीक्षा प्रतिवेदनहरू सम्पर्क व्यक्ति मार्फत प्रथम पक्षलाई पठाउनु पर्नेछ ।
८. कार्यक्रमको पारदर्शिताका लागि परियोजनास्थलमा अनिवार्य रुपमा परियोजना सूचना पाटी राख्नुपर्नेछ। साथै सार्वजनिक परीक्षण मार्फत आम्दानी खर्चको विवरण सार्वजनिकीकरण गर्नुपर्नेछ।
९. गाउँ/नगरपालिकाको सार्वजनिक सुनुवाईमा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमबाट सञ्चालित परियोजनाको विषयलाई समावेश गर्नु पर्नेछ ।
१०. दोस्रो पक्षले मुख्मन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ को परिधिमा रही संलग्न कार्ययोजनामा उल्लेखित क्रियाकलापहरु बाहेक अन्य कुनै क्रियाकलापमा रकम खर्च गर्न पाइने छैन ।

११. परियोजनाको लागत साझेदारी बमोजिम समानुपातिक रुपमा प्रदेश र स्थानीयको बजेट खर्च गर्नुपर्नेछ ।

१२. विभिन्न शीर्ष निगरानी गर्ने निकायहरुले प्रचलित कानून अनुसार माग गरेको विवरण तथा जानकारी उपलब्ध गराउनुपर्ने कर्तव्य र सोको जवाफदेही दोस्रो पक्ष हुनेछ ।

१३. दोस्रो पक्षले आर्थिक वर्षको अन्त्यमा खर्च भएको र बाँकी रहेको रकमको प्रमाणित आर्थिक विवरण प्रथम पक्षलाई पेश गर्नुपर्नेछ ।

१४. दोस्रो पक्षले परियोजना सम्पन्न भएपछि गाउँ /नगरपालिकाबाट जाँचपास, फरफारक र परियोजना सम्पन्न प्रतिवेदन तयार गरी प्रथम पक्षलाई पठाउनु पर्नेछ ।

१५. परियोजना कार्यान्वयनका लागि मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ मा उल्लिखित शर्त र यसैसाथ संलग्न कार्ययोजनाको पालना गर्नुपर्नेछ।

१६. परियोजनाको कार्यान्वयन अवधि समाप्ति पश्चात सोको संचालन ,मर्मत संभार , व्यवस्थापन र दिगोपना सुनिश्चितता सम्बन्धी सबै व्यवस्था दोस्रो पक्षको हुनेछ । सो सम्बन्धमा प्रथम पक्षले आगामी वर्षहरूमा कुनै आर्थिक दायित्व वहन गर्ने छैन ।

१७. यस सम्झौतामा उल्लेख नभएका विषयहरू प्रचलित कानून अनुसार हुनेछ ।

माथि उल्लेख भएबमोजिमका शर्तहरु पालना गर्न हामी दुबै पक्ष मन्जुर छौं।

| **दोस्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
|---|---|
| हस्ताक्षरः.................. | हस्ताक्षरः.................. |
| नाम : | नाम : |
| पद : | पदः |
| मिति : | मितिः |
| सम्पर्क नम्बरः | सम्पर्क नम्बरः |
| कार्यालयको छापः | कार्यालयको छापः |
| **रोहवर** | **रोहवर** |
| **दोस्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
| हस्ताक्षरः .................. | हस्ताक्षरः .................. |
| नाम : | नाम : |
| पद : | पद : |
| मिति | मितिः |
| सम्पर्क नम्बरः | सम्पर्क नम्बरः |

## अनुसूची- ७

(दफा २० को उपदफा (२) सँग सम्बन्धित)

**मासिक/ त्रैमासिक/ अन्तिम प्रगति प्रतिवेदनको ढाँचा**

(१) परियोजनाको शीर्षकः

(२) कार्यकारी सारांशः

(३) पृष्ठभूमिः

(४) उद्देश्यः

(५) परियोजनाको प्रतिफलः

(६) परियोजनाको उपलब्धि तथा सकारात्मक परिवर्तनहरूः (बुदाँगत रुपमा उल्लेख गर्ने)

(७) परियोजना कार्यान्वयनको ढाँचाः

(८) परियोजनाको क्रियाकलाप वा गतिविधिहरू कार्यान्वयनको प्रगतिः ((को/कसको लागि, के, कहाँ, कहिले, कति, कसरी जस्ता प्रश्नहरूको उत्तर आउने गरी), तथ्याङ्क, फोटो तथा सफल घटना विवरण उल्लेख भएको)

- क्रियाकलाप १
- क्रियाकलाप २
- क्रियाकलाप ......

(९) परियोजनाको वित्तीय प्रगति:

- कुल वित्तीय प्रगति:
- प्रदेश सरकार तर्फ:
- स्थानीय तह तर्फ:

(१०) प्रमुख चुनौती तथा समस्याहरूः (बुदाँगत रूपमा उल्लेख गर्ने)

(११) महत्त्वपूर्ण सिकाइः (बुदाँगत रूपमा उल्लेख गर्ने)

(१२) नवीनतम् असल अभ्यासहरूः

(१३) समन्वय तथा सहकार्य र दिगोपनका लागि चालिएका कदमहरूः (बुदाँगत रूपमा उल्लेख गर्ने)

(१४) निष्कर्षः

(१५) सिफारिसः

(१६) अनुसूचीहरूः

प्रमुख प्रशासकीय अधिकृतको हस्ताक्षर ......................................

मिति...............................

संस्थागत छाप

आज्ञाले,

तीर्थराज चिलुवाल

प्रदेश सरकारको सचिव

मुद्रणः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु. ५०।-